नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com
manang_cdo@yahoo.com

प.सं.: ०७६/०७७
च.नं. ३५५

मितिः २०७६/११/२३

## होली (फागु) पर्व सभ्य रुपमा मनाउने बारे जिल्ला प्रशासन कार्यालयको सुचना ।

सम्वत् २०७६ साल फाल्गुन २६ गते हिमाली/पहाडी जिल्लाहरुमा र २७ गते तराईका जिल्लाहरुमा रङ् र खुसियालीको पर्वका रुपमा मनाईने होली (फागु) को अवसरमा मनाङ जिल्लाबासी सम्पुर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

यस पर्वलाई मर्यादित र सभ्य ढंगले मनाउदाँ मात्र धार्मिक एवम् साँस्कृतिक दृष्टिले होली (फागु) पर्वको महत्व हुने हुदाँ सवैमा मर्यादित र सभ्य ढंगले मनाउनु हुन हार्दिक अनुरोध छ । होली पर्व मनाउने नाममा इच्छा विपरित जवरजस्ती, अमर्यादित, गैर कानूनी र उत्श्रृखल किसिमका कुनै व्यवहार गर्नु, इच्छाविपरित रङ दल्ने, लोला हान्ने, कसैलाई अनावश्यक दुःख दिने जस्ता कार्य कसैले नगर्नु नगराउनु हुन समेत सवैमा हार्दिक अनुरोध छ ।कोही कसैले इच्छा विपरितका काम गरे गराएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सर्वसाधारण सवैमा जानकारीको लागि अनुरोध छ ।

साथै वर्तमान समयमा विश्वमा नै प्रमुख महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस Coronavirus (COVID-19) को सन्दर्भमा यस पटकको होलीलाई विगतभन्दा फरक तरिकाबाट मनाई यो रोग संक्रमणबाट वच्न र वचाउन आवश्यक देखिएकाले निम्न कुराहरुमा ध्यान दिई होली/फागु मनाउनु हुन समेत सम्बन्धित सवैको जानकारीको लागि सुचित गरिन्छ ।

- आफ्नो घर परिवारमा मात्र होली/फागु पर्व खेली शुभकामना आदान प्रदान गर्ने ।
- होली/फागुको अवसरमा कुनै पनि सार्वजनिक कार्यक्रम आयोजना नगर्ने ।
- सामुहिक रुपमा भेला भई ठुलो संख्यामा होली/फागु नमनाउने ।
- यो रोगबाट बच्न सचेतनामुलक सन्देश सहित फोन र सामाजिक संजालहरुबाट शुभकामना आदान प्रदान गर्ने ।

(शारदा चालिसे)
सहायक प्रमुख जिल्ला अधिकारी